**प्रस्तावहरु:**

१. नवप्रवर्तन कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

२. आर्थिक सहयोग सम्बन्धमा ।

३. वडा नं. ८ को योजनाको लागि वित्तीय श्रोत व्यवस्थापन सम्बन्धमा ।

४. नगर कार्यपालिका भवन जाने सडकको वित्तीय श्रोत व्यवस्थापन वारे ।

**निर्णयहरु:**

प्रस्ताव नं. १ (क) माथि छलफल गर्दा मधेश प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रि परिषदको कार्यालय, प्रदेश तथा स्थानीय शासन सबलिकरण कार्यक्रम,नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि मिति २०८१/१२/२८ मा प्रकाशित सूचना बमोजिम यस नगरपालिकाबाट उद्योग ग्राम परियोजना को लागि अवधारणा पत्र प्रस्ताव तयार गरि पेश गर्ने निर्णय गरियो ।साथै उक्त कार्यक्रम कार्यान्वयनका लागि नवप्रवर्तन साझेदारी कोष अन्तर्गत यस नगरपालिकाले लागत सहभागिता वापत व्यहोर्नूपर्ने ३०% रकम आगामि आ.व. २०८२/०८३ बजेटमार्फत व्यवस्थापन गर्ने निर्णय गरियो।

(ख) उक्त कार्यक्रम कार्यान्वयनका लागि यस कार्यालयमा कार्यरत अधिकृत सातौ श्री घनश्याम पोखरेललाई सम्पर्क व्यक्तिको रुपमा तोक्ने निर्णय गरियो।

(ग) उक्त कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमको पदाधिकारी रहने गरी कार्यक्रम कार्यान्वय संमिति गठन गर्ने निर्णय गरियो ।

देहाय:

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| आर्थिक विकास समितिका संयोजक | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| लघु उद्यम विकास शाखा प्रमुख | सदस्य |
| महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

प्रस्ताव नं. २ माथि छलफल गर्दा सुरुङ्गा नगरपालिका वडा नं. ३ अन्तर्गत अवस्थित गोल्डेन युथ क्लवलाई रु.५००००।- (अक्षरेपी पचास हजार मात्र) रकम उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा धाँती बजारको पोखरी मर्मत सम्भार तथा खन्ने कार्य र पक्की घाट निर्माण कार्य बजेट संकेत नं. २४५.२१.१.३६४ खर्च शिर्षक नं. ३११५९, श्रोत नेपाल सरकार समानिकरण अनुदान मा विनियोजित रकम रु.७०००००।- (अक्षरेपी सात लाख मात्र) बाट ८ नं. वडा कार्यालयको वडा समितिको मिति २०८१।१०।१८ गतेको निर्णय तथा सोही वडाको प.स. २०८१।०८२, च.नं.५६७ मिति २०८१।११।०४ गतेको पत्र बमोजिम धाँती बजारको पोखरी मर्मत सम्भार तथा खन्ने कार्य र पक्की घाट निर्माण कार्य बजेट संकेत नं. २४५.२१.१.३६४ खर्च शिर्षक नं. ३११५९, श्रोत नेपाल सरकार समानिकरण अनुदान मा विनियोजित रकम रु.७०००००।- (अक्षरेपी सात लाख मात्र) बाट E-biding मार्फत संचालन भएको देहायका

योजनाहरुमा रु.४१९४२८ (अक्षरेपी चार लाख उन्नाइस हजार चार सय अठ्ठाइस रुपैया मात्र) अपुग रहेकोमा उक्त देहायमा उल्लेखित योजनाहरुमा वित्तिय श्रोत सुनिश्चित गरी अगामी नगरसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

देहायः

१. मुनस्टार क्लवको अधुरो भवन निर्माण गर्ने कार्य, रु.३ लाख
२. शान्तिलालको घर देखी विन्दु भगतको घर सम्म अधुरो पि.पि.सि. ढलान रु.२.५ लाख
३. गुन दासको घरदेखि दिलिप सरदारको घर सम्म अधुरो सडक निर्माण गर्ने कार्य रु ४ लाख
४. वडा कार्यालयको बाउन्ड्रीवाल देखि परमेश्वरको घर सम्म पि.सि.सि. ढलान गर्ने कार्य रु. २ लाख ।
५. महुलिया रामटोलमा पि.सि.सि. ढलान रु. ४ लाख ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सुरुङ्गा नगरपालिकालाई मिति २०७५।०२।२१ मा प्रशासकीय भवन निर्माणको लागि जग्गा दाताहरुबाट जम्मा ०-१९-१९१/२ जग्गा प्राप्त भई हाल प्रशासकीय भवनको निर्माण कार्य निर्मानाधिन अवस्थामा रहेको र उक्त भवनमा आवत जावत गर्न वडा नं. ५ को वनिगामा गाउँको पश्चिमबाट सडक भएतापनि उल्लेखित सडकबाट वडा नं. ४ र ५ का केही टोलहरुको बासिन्दा तथा सेवाग्राहीहरुलाई मात्र कार्यालयबाट सेवा प्रवाह लिन सुबिधा सम्पन्न भएकोले यस नगरपालिकाको वडा नं. १ देखी ११ सम्मका जनसमुदाय तथा सम्पूर्ण सेवाग्राहीहरुलाई दृष्टिगत गरी सेवः प्रवाहमा सहजता प्रदान गर्न पूर्व पश्चिम लोकमार्गको सडकको कुशहा स्कूलको पश्चिम देखि उत्तर जाने बाटो तथा कदमहा देखि करिव २०० मी. पूर्वबाट पूर्व-उत्तर जाने मूल बाटोहरु समेतलाई ख्याल गरि यस नगरपालिकाको विशेष पहलमा वडा नं. ५ का श्री रमेश चौधरी र श्री दुर्गानन्द चौधरीज्यूहरुले प्रशासकीय भवनमा आवत जावत गर्नका लागि कुशहा ९"क" को कित्ता नं. ७४६, ७४९ र ७५१ बाट नेपाल सरकारको नाममा १२ मी. चौडाई भएको बाटोको लागि ०-७-१०.५ मिति २०८१।०६।०२ मा जग्गा दान गरि सकेको अवस्थामा प्रशासकीय भवन पूर्ण रुपले सम्पन्न भएतापनि सेवा प्रवाहमा सरोकारवालाहरुको लागि समेत असर हुने भएकोले हाल सडक निर्माणको लागि प्राविधिक दृष्टिकोणले माटो पूर्ने कार्य गर्दा पनि सडकको माटो कार्तिक मसान्त सम्म वर्षायामको महिनामा प्राकृतिक रुपले माटो Compaction हुने र अगामी आर्थिक वर्षमा ग्राइभेलको कार्य गर्न सकिने भएकोले उक्त बाटो मूलबाटोको रुपमा रहनुका साथै सेवा प्रवाहमा सहज हुने रुपले चालु आ.व. २०८१।०८२ मा सम्पन्न हुने नदेखिएकोले प्रशासकीय भवनको लागि सुरुङ्गा नगरपालिकाको नगरसभाद्धारा फर्निचर तथा फिक्सिङ्ग अन्तर्गतको बजेट खर्च शिर्षक नं.३११२३ मा रु.५० लाख विनियोजन गरिएकोमा उक्त कार्यको लागि भन्दा वर्तमान परिवेशमा सडक निर्माण कार्य नै अपरिहार्य देखिएकोले माथि उल्लेखित खर्च शिर्षकबाट रु.३५ लाख प्रशासकीय भवन जाने बाटोमा रहेको पोखरी संख्या ३(तीन) र बाँकी सडकको अंश समेतलाई १२ मी. चौडाईमा माटो पुरी सडक निर्माण कार्य गर्ने र अगामी नगरसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।